# खुदाको बारेमा सवालहरु

**खुदा के हो ?**
**के खुदालाई चिन्न सम्भव छ ?**
**खुदाको बारेमा वैज्ञानिक धारणा के हो ?**
**खुदाको बारेमा एउटा व्यक्तिको आफ्नो व्यक्तिगत धारणाको प्रभाव के हो ?**
**खुदाको बारेमा छोटकरीमा ईसाई शिक्षा के हो ?**

- ए. मुहम्मद, मोरोक्को

म एउटा बौद्धिक व्यक्ति त होइन तर ईसा मसीहद्वारा बचाइएको एक साधारण व्यक्ति हुँ, जसले मलाई निर्णय शक्ति दिनुभएको छ। यसको परिणामस्वरुप मैले यो महशुस गरे कि उहाँले मलाई त्यो जीवन प्रदान गर्नुभएको छ ताकी म सम्भाव्य उच्च तहसम्म उठ्न सकूं। म यो महशुस गर्दछु कि खुदा जो प्रेम र बुद्धिले भरिपूर्ण हुनुहुन्छ, जीवनका सबै सम्बन्धहरुलाई नियन्त्रण गर्नुहुन्छ। एउटा साधारण अनुसन्धानले खुदाको सम्बन्धमा यसका सबै पक्षहरु र वृत्तान्तहरुलाई समेट्न सक्दैन। मानिस जतिसुकै बिद्वान भएता पनि र जतिसुकै गहिरो र फराकिलो अध्ययन गरेपनि उसले खुदाको ज्ञानको सतहलाई छुन सक्दैन। जे भएता पनि मसँग भएको जानकारीले तपाईलाई खुदाको सत्यतासम्म पुग्ने बाटो बनाउँन सक्छ।

## खुदा के हो ?

कुनै पनि सृजना गरिएको बस्तुले खुदा जस्तो हुनुहुन्छ त्यस्तै रुपमा बुझ्नको निम्ति सक्षम छैन। तर उहाँलाई अरुहरु भन्दा फरक

बनाउने कुराहरुद्वारा उहाँलाई हामी चिन्न सक्छौ । मसीहले हामीलाई एउटा परिभाषा दिनुभयो, "खुदा (रुह) आत्मा हुनुहुन्छ ।" ईसाई विश्वासको सारले पनि यही कुरा भन्छ, "खुदा (रुह) आत्मा, अपरिभाषित व्यक्ति रसिद्ध हुनुहुन्छ। सबै कुराहरु उहाँद्वारा, उहाँमा र उहाँको निम्ति हुनआए। उहाँको सिद्धता सबै पर्याप्त छ। उहाँ अनन्तीय, अपरिवर्तनशील, सर्वव्यापी, सर्वशक्तिमान, सर्वज्ञानी, बुद्धिमानी, पवित्र, न्यायी, दयालु, नम्र र क्षमाशील हुनुहुन्छ ।"

हामीले "विश्वासको जग" भन्ने किताबमा पनि पढ्छौ कि "खुदा (रुह) आत्मा हुनुहुन्छ, अपरिभाषित, अनन्तीय, उहाँको अस्तित्वमा अपरिवर्तनीय, ज्ञानी, शक्तिशाली, पवित्र, न्यायी, अनुग्रही र सत्य हुनुहुन्छ" ।

## के खुदालाई चिन्न सम्भव छ ?

बाइबलले यो प्रमाणित गर्दछ कि ईसा मसीहद्वारा खुदालाई जान्न सम्भब छ जसले हामीलाई खुदा प्रकट गरिदिनुभयो । मसीहले भन्नुभयो "पिता बाहेक पुत्रलाई कसैले चिन्दैन, र पुत्रबाहेक पितालाई कसैले चिन्दैन, अनि तिनीहरुले पनि चिन्छन् जसलाई पुत्रले पिता प्रकट गरिदिने इच्छा गर्दछ। हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरुलाई विश्राम दिनेछु" मति ११:२७-२८ । मसीहले यो पनि भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक काही पनि पिता कहाँ आउन सक्दैन ..... जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ"। यूहन्ना १४:६,९

प्राकृतिक ज्ञानले पनि खुदाको अस्तित्वलाई प्रकट गर्दछ। यसलाई प्रमाणीत गर्नको निम्ति कारणहरु र वा विश्वास दिलाउनको निम्ति व्यक्तिगत गवाहीहरुको आवश्यक्ता पर्दैन। इतिहास गवाही छ कि

मानिस एउटा धर्मिक झुकाब भएको धार्मिक प्राणी हो। संसारमा धर्म बिनाको राज्य कही पनि छैन र कहिल्यै पनि थिएन। खुदाको नाम उच्चारण नभएको भाषा संसारमा कही पनि छैन। भाषाहरुले मानिसको सोचाई र भावनाको प्रतिबिम्व गर्छ, र यी सबै भाषाहरुमा खुदाको मान उच्चारण हुनुले यो संकेत गर्छ कि खुदा प्रतिको आस्थाको संवेदनशीलता विश्वव्यापी हो। यो सत्य हो कि धेरै मानिसहरु नास्तिक पनि छन् तर यो मानिसको आफ्नै स्वभावको विपरित कार्य हो। यो उसमा खुदाको बारेमा रोपिएको चेतनालाई इन्कार गर्ने क्षमताको कारण भएको हो।

## खुदाबारे बैज्ञानिक धारणा

ब्रम्हाण्डमा भएको सन्तुलनले यो स्वीकार गर्न बाध्य गर्छ कि, हरेक “प्रभाव” को कारण हुन्छ। यदि कुनै सन्तुलन बिग्रियो भने विज्ञानले यो निष्कर्ष निकाल्छ कि यसका धारणाहरु कतै न कतै अपर्याप्त छन्, सबै जानकारीहरु उपलब्ध भएका छैनन् र त्यहाँ अझै केही छुट्टिएका अंशहरु बाँकी छन्। त्यसकारण वैज्ञानिक सिद्धान्तमा यो आवश्यक छ कि अनुसन्धानकर्ताहरुले विषयवस्तुको जानकारीलाई पुन: विचार गर्नुपर्छ, विश्लेषण गर्नुपर्छ, र जानकारीहरुलाई तुलना गर्नुपर्छ। तब तिनलाई अनुमानित परिकल्पनासंग प्राप्त गरिएका परिणामहरु मिल्छ कि भनेर प्रयोग गर्नुपर्छ। अनुसन्धानबाट आएको निष्कर्षले तपाईलाई चौबाटोमा ल्याएर छोडिदिन्छ जहाँ तपाई आफ्नो ज्ञानको प्रयोग गरेर यसलाई अनुभवमा बदल्न सक्नुहुन्छ।

विज्ञानले यो भन्छ कि ब्रम्हाण्डसंग एउटा विशिष्ट कारण छ जुन एउटा सक्रिय ईच्छाशक्तिमा आधारित छ। विज्ञानले कुनै पनि कुरालाई अन्धाधुन्ध रुपमा स्वीकार गर्दैन, जबसम्म यसको बस्तु

प्रमाणित हुदैन र यसको कारण पत्ता लाग्दैन। अर्कोतर्फ धार्मिक अनुभवको बाटो छ, जसले हाम्रा सफलता र असफलताहरुमा हामीलाई अगुवाई गर्ने (रुहानी ताकत) ईश्वरिय शक्ति छ भन्ने गहिरो विश्वास गर्छ। त्यो चाहिँ यस्तो अनुभव हो जुन मानिसलाई ऊ आफुभन्दा शक्तिशाली र बाहिर शक्तिमा निर्भर हुन दवाव दिन्छ। अनगिन्ती मानिसहरुले गवाही दिएका छन् कि त्यस्तो शक्तिले वास्तवमा तिनीहरुलाई आवश्यक परेको समयमा हस्तक्षेप र सहायता गरेको छ।

जबसम्म मानिसले यस्ता ज्ञान खुदाबाट आएको हो भनेर मान्दैन तबसम्म उसले खुदालाई विश्वास गर्न सक्दैन, जो हरेक असल र सिद्ध वरदानको श्रोत हुनुहुन्छ (याकूब १:१७)। यदि खुदा यस ब्रम्हाण्डमा सबै कुराको दाता हुनुहुन्छ भने र यदि उहाँको उदेश्य हाम्रो जीवनका सबै पक्षहरुमा प्रष्ट छन् भन्ने तथ्यमा हामी गहिरिएर ध्यान गर्छौं भने, हामी खुदाको योजनाको परिणाम र उहाँको कार्यमा गहिरीएर बिचार गरिरहेका छौ।

जब हामी उहाँको हातको कार्यहरुलाई विचार गर्छौं, तब यी सबै थोक बनाउनुहुने सृष्टिकर्ताको बारेमा केही सिक्छौ। यो नबी दाऊदको भनाईमा प्रयोग भएको भावना हो, जसले भने, “आकाशले खुदाका (जलाल) महिमाको वर्णन गर्छ र तारा-मण्डलले उहाँका हातको सीपको घोषणा गर्छ।” जब्रूर १९:१

एकजना दार्शनिकले खुदाको अस्तित्व र उहाँको स्वभावबारे अध्ययन र विचार विमर्शको अन्तिम बिन्दुमा पुगेपछि यो निष्कर्श निकाल्दछ, कि “यी सबै तर्थ्यहरु वास्तवमै सही छन् र यसैले खुदा हुनुहुन्छ ....”

एउटा आत्मिक वा समर्पित व्यक्तिले जब कुनै बस्तु वा उधेश्य जो उसको जीवनमा उसले प्राप्त गर्न सकेको थिएन, रुहानी ताकतबाट प्राप्त गर्छ, तब उसले सबैकुरा खुदामा नै समर्पण गर्दै उसले यो सोच्न सुरु गर्छ कि "खुदा हुनुहुन्छ।"

अर्को शब्दमा, यदि विज्ञान र दर्शनले खुदा पत्ता लगाउन सकेनन् भने, धार्मिक अनुभव मात्र छ जसले खुदाको ज्ञान दिन्छ। यो अनुभवको लागि मानिस खुदाको कुराहरुमा रमाउँदै खुल्ला मनले आउनुपर्छ।

## खुदाको बारेमा एउटा मानिसको व्यक्तिगत धारणाको प्रभाव

खुदाको बारेमा एउटा मानिसले अंगालेको धारणाले उसको जीवनमा, प्रवृतिमा र जीवनशैलीमा महत्वपूर्ण प्रभाव पार्छ। यसकारण यसले सम्पूर्ण जीवनलाई निर्देशन र आकार दिन्छ। यदि एउटा मानिसले उसको विश्वासमा खुदालाई शक्तिशाली र बदला लिने व्यक्तिको रुपमा लिन्छ भने, त्यहाँ खतराहरु हुन्छन् कि त्यस्तो मानिसको जीवनको आदर्श चाहिँ दयाहिन, पुर्वाग्रही र आफूभन्दा कमजोरहरुलाई दुःख दिने हुनेछ।

यदि म मेरो जीवनलाई यसको सबैभन्दा सुन्दर र सिद्ध प्रदर्शनमा उठाउन चाहान्छु भने मैले खुदालाई मसीहले उहाँलाई चिनाउनुभए अनुसार सोच्नुपर्छ कि उहाँ स्वर्गमा हुनुहुने पिता हुनुहुन्छ जो प्रेमी र अति करुणमय हुनुहुन्छ।

एउटा ईसाईको रुपमा मैले मेरो खुदामा पाएको केही विशेषताहरु तपाईहरुको सामु राख्न चाहान्छु जसलाई म मेरो आत्माले (इबादत) आराधना गर्छु।

## १. मेरो खुदा शक्तिशाली हुनुहुन्छ भनि मैले जानेको छु।

ईसाई विश्वासमा, खुदाको श्रेष्ठता उहाँको सर्वोच्च उदेश्य प्रतिको हाम्रो विचारमा आधारित छ। उहाँले मलाई र अरुहरुलाई यो सुचित गर्नुभएको छ कि सृष्टिमा उहाँको उदेश्य भाईचारा र प्रेम हो र उहाँले सबै मानव जातिलाई एउटै परिवार बनाउनुभएको छ। त्यो उदेश्य लागु गर्नको निम्ति एउटा विशेष गुणको आवश्यक्ता पर्दछ र त्यो गुण (प्रेम) मोहब्बत हो। खुदाको श्रेष्ठता प्रतिको मेरो विश्वासमा, म कल्पना पनि गर्न सक्दिन कि मानिसलाई छनौट गर्ने स्वतन्त्रता दिइएर पनि फेरी खुदा यो स्वतन्त्रतालाई आवेशपूर्ण रुपमा अंकुश लगाउनुहुन्छ र अनि मानिसले जे गर्न मन पर्दैन त्यही गर्नुपर्छ।

खुदाको श्रेष्ठता उहाँको प्रेमसंग समानान्तर रुपमा जाँदछ। प्रेम (मोहब्त) कसैको दवावद्वारा होइन तर धैर्यताद्वारा प्रतिबिम्वित हुन्छ। जे भएता पनि खुदालाई “क्षमाशील र दयालु” भनि व्याख्या गर्नुभएको छ।

## २. ज्ञान के हो सो मैले खुदामा जानेको छु।

प्रकृतिको हरेक सृजनाहरुद्वारा खुदाको आश्चर्यको सिद्ध ज्ञानलाई देख्छु। सुक्ष्म यन्त्रले ताराहरु, तारा मण्डलहरु, विश्वासै गर्न नसकिने गतिमा अन्तहिन ठाउँबाट बाटो परिवर्तन नगरी घुमिरहेको देखाउँछ। यी सबै कुराहरुले खुदाको ज्ञानलाई दर्साउँछ। दिन र रात, एक पछि अर्को ॠतु, आदि प्राकृतिमा हुने परिवर्तनले उहाँको ज्ञानलाई दर्शाउछ। बिरुवा र जीवहरुको वातावरणसंगको समायोजन जस्ता प्रकृतिको नियमहरुले मलाई सर्बशक्तिमान खुदाको बारेमा घोषणा गर्न लगाउँछ जो सबै ज्ञानको श्रोत हुनुहुन्छ।

## ३. मैले खुदामा न्याय पाएको छु।

म भित्र एउटा निश्चित संयम पाउँदछु जुन म अरु सबै मानव जातिहरुलाई बाँड्छु। यसले मलाई चुनौति दिन्छ र जब म गल्ती गर्छु तब सही कार्यहरु गर्नलाई आदेश दिन्छ। यो भित्री सल्लाह वा मेरो विवेकलाई धन्यबाद, जसले बिना शंका मलाई बोध गराउछ कि जसले मानिसलाई यो विवेक दिनुभयो, उहाँ पूर्णरुपमा न्यायी हुनुपर्छ। यही विवेकद्वारा म न्यायको दिनको बारेमा खुदाले गर्नुभएको घोषणालाई स्वीकार गर्छु जुन न्यायको निम्ति अनन्तीय नाप हो, जब धार्मिक्ता पुरस्कृत हुन्छ र पाप चाहिँ दण्डित हुन्छ। मेरो विवेकले मलाई यो पनि देखाउँछ कि खुदा पूर्णरुपमा (पाक) पवित्र हुनुहुन्छ। मेरो जीवनमा प्रतिकुल असर पार्ने पापलाई उहाँ घृणा गर्नुहुन्छ।

मेरो विवेक सन्तुष्ट छ कि खुदा मानिसको सहायताको निम्ति र पापमाथि विजय दिनलाई सबै थोक गर्न तयार हुनुहुन्छ जुन पाप नैतिक स्वतन्त्रता र स्वतन्त्र ईच्छाको दुरुपयोगको परिणाम स्वरुप मानव जीवनमा दुष्ट शत्रुको रुपमा आयो।

## ४. मैले खुदामा दया थाहा पाएको छु।

उहाँको दया येशु मसीहमा दर्सिएको छ जसले आफ्नो जीवन सबैको सट्टामा अर्पण गर्नुभयो। मेरो विवेकमा भएको (रुहूल कुद्दुस) पवित्र आत्माको साक्षीले यो घोषणा गर्छ कि उहाँको दया कुनै निरंकुस शासकले उसका प्रजाहरुमा आफ्नो ईच्छा अनुसार देखाउने जस्तो होईन। यो त शैतानिक हो र खुदाबाट प्रेरित होईन जसले कसैलाई पक्षपात गर्नुहुन्न। सबै मानव जातिको निम्ति उहाँको दया उहाँको प्रेमबाट आउँछ। इन्जीलले यो घोषणा गर्छ "किनकी खुदाले संसारलाई यस्तो (प्रेम) मोहब्बत गर्नुभयो कि उहाँले आफ्नो पुत्र

दिनुभयो ता कि उहाँमा विश्वास गर्ने नाश नहोस् तर अनन्त जीवन पाओस् ।" यूहन्ना ३:१६

वास्तवमै खुदाले उहाँले सृजनुभएको सबैलाई प्रेम गर्नुहुन्छ। उहाँले सबैलाई बिना भेदभाव र धैर्यता साथ प्रेम गर्नुहुन्छ ताकि जुन उदेश्यले उहाँले तिनीहरुलाई सृजनुभयो त्यो अनुसार जीवन सकून्। म विश्वास गर्दछु, कि यो उदेश्य चाहिँ उहाँसंगको संगति हो।

खुदाको दयाले पापी र उसको पापमा फरक छुट्याउँदछ। खुदा पापलाई घृणा गर्नुभएता पनि उहाँ पापीलाई माया गर्नुहुन्छ र उहाँको प्रेमिलो दया निरन्तर दर्शाउनुहुन्छ। खुदाले घोषणा गर्नुभएको छ, "अनन्तीय मोहब्बतले मैले तिमीलाई मोहब्बत गरेको छु। मैले तिमीलाई (रहम) दया गरी खिँचेको छु।" यर्मिया ३१:३

## ५. खुदालाई मैले प्रेमिलो पिताको रुपमा चिनेको छु जो करुणाले पूर्ण हुनुहुन्छ।

हाम्रो समझहरु यति सिमित छन् कि हामी परमेश्वरलाई दिने एउटा नाम पनि आबिष्कार गर्न सक्दैनौ। हामी मानव वर्णनको आधारमा र पवित्र धर्मशास्त्र बाइबलमा दिईएको नाम मात्र सोच्न सक्छौ। इसाई विश्वासमा खुदाको निम्ति अति रुचाईएको नाम "पिता" हो। यो नामले सम्पूर्ण प्रेमको अर्थलाई समेट्दछ। उडन्त पुत्रको कथामा ईसा मसीहले पिताको प्रेमको सबैभन्दा महिमित नमुना दिनुभएको छ। यो कथा एउटा मानिसको बारेमा हो जसका दुईवटा छोराहरु थिए।

कान्छो छोराले उसलाई दिइएको स्वतन्त्रताबाट उत्साहित भएर उसको भागमा पर्ने सम्पति माग्यो र पितादेखि धेरै टाढा गयो।

उसको अनाज्ञाकारिता र वैगुनले पिताको प्रेम घटेन किनभने त्यो उडन्त पुत्र पिताबाट प्रेम गरिएको थियो ।

वास्तवमा पिताको प्रेम अझ बढ्यो किनभने उसको सम्पति सिद्धिएपछि उसले आफैले रोजेको परदेशी जीवनमा धेरै दुख भोग्यो । छोराको अनाज्ञाकारिताप्रति बदलाको भावनालाई पिताको हृदयमा ठाउँ दिएन तर उसको छोरा फर्की आई परिवारमा उसको स्थान लिने प्रतिक्षामा पर्खिराखे । त्यसकरणले, यहाँ प्रेमले पर्खाईको पिडा र चित्कारलाई  समेट्यो ।

संक्षेपमा इसाई धारणा के हो भने उहाँ सबै मानव जातिको निम्ति प्रेमको खुदा हुनुहुन्छ । मानिस यसको योग्य भएर होइन वा उसमा कुनै राम्रा पक्षहरु भएर होइन तर खुदा मानिसलाई प्रेम गर्नुहुन्छ । मसीहका चेला यूहन्नाले खुदाको प्रेमको नापको ध्यान गर्दै भने "खुदा प्रेम हुनुहुन्छ, र जो प्रेममा रहन्छ त्यो खुदामा रहन्छ र खुदा उसमा रहन्छ ।" (१ यूहन्ना ४:१६)

# त्रिएक बारे सवालहरू

## त्रिएकको आधार तपाई के लाई मान्नुहुन्छ ?

- ए . एम. अस्युत, मिस्र देश

तपाईको सवालको जवाफ मण्डली इतिहासबाट दिन चाहन्छु । शुरुका मण्डलीका ईसाईहरुमा पवित्र त्रिएकत्वमा विश्वास कसरी बृद्धि भयो भनि बुझ्नको निम्ति तपाईको निम्ति सहायताको रुपमा मण्डली इतिहास छ र कसरी यो विषयमा केही मण्डलीका धर्मगुरुहरुबीच मत भिन्नता थियो । यसलाई अध्ययन र अनुमोदन वा परित्यागको लागि उनीहरुको विचारहरु साधारण सभामा प्रस्तुत

गर्नुपर्थ्यो । तसर्थ इसाई जगत विभाजन भयो किनभने सर्वसम्मतिलाई सबैले त्रिएकतालाई स्वीकार गरेनन् । केही समयपछि विभाजितहरुमध्ये एरिएस जस्ता झूटा शिक्षाहरु लोप भएर गए भने नेस्टोरियन जस्ता केही झुटा शिक्षका मण्डलीहरु रहिरहे ।

सही शिक्षाबाट तर्केर जानेहरुले धार्मिक जोशको आवेगमा छुट्टै समूह बनाएको हुन सक्छ, जसका शिक्षाहरुलाई शुरुका मण्डलीहरुले कुनै स्थान दिएनन् र तिनीहरुलाई सत्य शिक्षाबाट तर्केर जानेहरु मात्र भनेनन् तर ख्रीष्टसँग कुनै सरोकार नराख्ने र साँचो (विश्वास) इमानबाट पछि हट्नेहरु भनि संज्ञा दिए ।

उपलब्ध ईसाई जानकारी अनुसार, शुरुका मण्डलीले त्रिएक सिद्धान्तमा धेरै विचार खर्च गरेन । यो पछिको मण्डली इतिहासबाट देखा पर्छ कि यो सिद्धान्त संरचनाको उच्चतम विन्दु थियो जसद्वारा मण्डलीको जगको बसालिएको थियो । ती व्यक्ति जसले मसीहमा (इमान) विश्वास राखेको छ र उहाँले आफ्नो बारेमा जे भन्नुभएको छ अर्थात (इन्जील) सुसमाचारमा उल्लेख भए अनुसार पिता र पुत्रको सम्बन्धलाई उसले (कबुल) स्वीकार्छ भने उसले त्रिएकलाई इन्कार गर्न सक्दैन ।

यसैले, मुस्लिम दाजुभाइहरु वा अन्य विश्वासको सदस्यहरुले (इन्जील) सुसमाचार वा इसाई विश्वाससँग परिचित हुन इन्कार गरेको कुरामा एउटा ईसाई दुखित हुन्छ कारण यो त्रिएकको रहस्य पत्ता लगाउने एउटा माध्यम र मौका हो । यसो गरेमा मसीह, उहाँको सिद्धान्तहरु, उहाँको (रुहानी ताकत) आत्मिकी शक्ति र मानिसको भित्री जीवनमा उहाँको प्रभावलाई जान्न सक्नेछन् । वास्तवमा यदि कसैले मसीहलाई कबुल गर्दै (इमान) विश्वासको

बाटोमा हिड्न शुरु गर्छ भने, त्रिएकको सिद्धान्तले उसको इमानको बाटोमा बाधा ल्याउदैन । उसले मसीहमा विश्वास गरेर उसको पाप क्षमा भएको कुरा स्वीकार्छ र उसको नैतिक जीवनमा मसीहको शक्तिको अनुभव गर्छ ।

एउटा ईसाईले मसीहको स्वभावको रहस्यको सवालहरुको जवाफ बाइबलमा उल्लेख भएको प्रसंगहरुद्वारा पाउँदछ जुन नबी यशैयाको किताबबाट शुरुवात हुन्छ। खुदाबाट प्रेरित भएको नबी भन्छन् "किनभने हाम्रा निम्ति बालकको जन्म भएको छ। हाम्रो निम्ति छोरो दिइएको छ, शासन उहाँको काँधमा हुनेछ । उहाँ अचम्मका सल्लाहाकार, शक्तिशाली खुदा, अनन्तका पिता र शान्तिका राजकुमार कहलाइनुहुनेछ ।" यो खण्ड पढ्दै गर्दा ती ईसाईले मसीहको यो भनाईलाई पनि स्मरण गर्न सक्छ, “पिता र म एकै हौ ।” यूहन्ना १०:३० वा “जसले मलाई देखेको छ त्यसले पितालाई देखेको छ .... म पितामा छु र पिता ममा हुनुहुन्छ ।” यूहन्ना १४:९,११

यस किसिमको सोचाई मुस्लिमको निम्ति गाह्रो हुन सक्छ तरैपनि उसले कुरआनमा मसीहको रहस्यको बारेमा उललेख गरिएको केही निश्चित (आयात) पदहरु हेर्न सक्छ जसले उहाँलाई अरु नबीहरु र रसूलहरुभन्दा फरक बनाउँछ। त्यहाँ त्यस्ता केही भनाईहरु छन्, जस्तै उदाहरणको रुपमा कुरआनले मसीहलाई “खुदाको कलाम”, “अल्लाहको आत्मा” अर्थात “रुहअल्लाह”... “यस संसार र यस पछि आउने संसारको विशिष्ट जन र खुदाले रुचाउनुभएको जन” आदि । कुरआनले यो पनि बताउछ कि मसीहले माटोबाट एउटा चराको स्वरुप दिनुहुन्छ र जब उहाँले त्यसमा श्वास फुकिदिनुहुन्छ तब यो एउटा जिउँदो चरामा परिणत भयो । कुरआनले यो पनि बताउछ कि उहाँलाई मरेकाहरुलाई जीवित पार्नुभयो, अन्धा दृष्टि दिनुभयो र

कुष्ठरोगीलाई निको पार्नुभयो ।

हामी इसाईहरु चाहिँ खुदाको स्वरुपको जाँच गर्नु वा सवाल गर्नु अविश्वासी वा नास्तिक जस्तै हुनु हो भन्ने धारणामा सहमत हुदैनौ । अर्कोतर्फ हामी आफैले (रुहानी) इश्वरीय व्यक्तित्वको वास्तविक्ता पत्ता लगाउने सम्भावनामा पनि विश्वास गर्दैनौ । हामी यो स्वीकार्दछौ कि खुदाको सोचाई हाम्रो भन्दा महान र उहाँको बाटोहरु हाम्रो भन्दा उच्च छन् । अर्को शब्दमा भन्नुपर्दा, खुदाको अस्तित्व र उहाँको स्वभावको वास्तविक्ता, मानवीय भावले यी सत्यतालाई फुस्ल्याउने शव्दहरुले गरेको वर्णनभन्दा धेरै उत्कृष्ट छन् ।

तरैपनि वैज्ञानिक र प्राकृतिक प्रमाणहरुले त्रिएकको सिद्धान्तलाई प्रमाणित गर्ने क्षमता राख्छ भन्ने हामी दावी गर्दैनौ । त्यसै प्रकारले तर्कको सहायताले वा वैज्ञानिक प्रमाणहरुले खुदाको अस्तित्वलाई प्रमाणित गर्न सम्भव छैन । अझै पनि वैज्ञानिक र दार्शनिकहरुको ठूलो संख्याले खुदाको अस्तित्वलाई स्वीकार्छन् जब कि यो न तिनीहरुको चासोको विषय हो न यसलाई प्रमाणित गर्ने क्षमता तिनीहरुसंग छ । यो पवित्र धर्मशास्त्रको त्रिएकको सिद्धान्तले हो जुन कहिल्यै तार्किक रुपमा प्रमाणित गर्नुपर्ने कुरा नसोचिकन मण्डलीले स्वीकार गऱ्यो ।

जे भए पनि अरु ख्रीष्टियन सिद्धान्तहरु जस्तै त्रिएकको सिद्धान्त त्यो मानिसहरुको निम्ति होइन जो मसीहका शुरुका चेलाहरुले पछ्याएको बाटोबाट विचलित हुन्छ । चेलाहरुले यसलाई बौद्धिक तर्कले कबुल गरेनन् तर अनुभवबाट कबुल गरे । कुनै व्यक्तिले व्यक्तिगत, आत्मिक अनुभव विना बौद्धिक तर्काद्वारामात्र (ईमान) विश्वासको बाटोलाई अंगाल्न सक्दैन, किनभने मसीह आफैले भन्नुभएको थियो, "मलाई खुदावन्द, खुदावन्द भन्ने सबै स्वर्गको राज्यमा प्रवेश

गर्नेछैनन् । स्वर्गमा हुनुहुने मेरा पिताको इच्छा पालन गर्ने मानिस मात्र खुदाको राज्यमा प्रवेश गर्नेछ” मति ७:२१ । यसको अर्थ यो हो कि केवल धर्ममात्र पर्याप्त छैन तर धर्म एउटा व्यक्तिगत जीवनमा सक्रिय वास्तविक्ता बन्नुपर्छ ।

म यो कुरामा अचम्मित भएकोछैन कि एउटा मुस्लिम वा अरु धर्मका मानिसहरुलाई त्रिएक खुदाको सिद्धान्तलाई स्वीकार्नलाई कठीन हुन्छ, कारण उसले मसीहलाई (इन्जील) सुसमाचारले चित्रण गरे अनुसार चिनेको छैन र उहाँलाई व्यक्तिगत जीवनमा अनुभव गरेको छैन । साँच्चै कुरआनले त्रिएक खुदाको सिद्धान्तलाई इन्कार गर्छ, जसले भन्छ “तीन नभन, यसो भन्न रोक, यो तिम्रो निम्ति हित हुन्छ ।” यो केही उग्रवादी बिचारको इन्कार हो जुन आधारभुत ईसाई  शिक्षाको एउटा भाग होइन । यस्तो देखिन्छ कि इस्लामले आधारभुत ईसाई विश्वाससँग परिचित गरेको छैन जति झूटा शिक्षाका विचारहरुलाई परिचित गरेको छ । यो कुरआनको एउटा भनाईद्वारा चित्रण गरको छ “र खुदाले मरियम पुत्र ईसालाई भन्नुभयो, “के तिमीले मानिसहरुलाई भन्यौ कि म र मेरो आमा खुदाको दईवटा फरक भागको रुपमा लेऊ । यो विचार उग्रवादी विचारको इन्कारमा आधारित छ जुन सत्य ईसाई मण्डलीले इतिहासको कुनै काल खण्डमा विश्वास गरेको थिएन ।

म इमान्दारीताका साथ यो इच्छा गर्छु कि मुस्लिम दाजुभाइहरुले यी सत्यताको खोज गर्न मण्डलीको इतिहासको अध्ययन र त्रिएक खुदाको सिद्धान्तको बारेमा ईसाई धारणासँग आफैलाई परिचित गर्ने इच्छा गर्नुहुनेछ । यदि उनीहरुले त्यसो गरे भने उनीहरुले त्रिएक खुदाको सिद्धान्त काल्पनिक वा अन्दाज गरिएको सिद्धान्त होइन भनि महसुस गर्नेछन् अनि मसीहको रहस्य र पितासंगको सम्बन्धको

विषयमा बाइबल आफैले उल्लेख गरको कुराहरुलाई अध्ययन गरि सत्यतालाई महसुस गर्नेछ।

यदि मुस्लिम दाजुभाईले मात्र नयाँ (अहदनामा) करारको किताबमा नजिकिएर इमान्दारीसाथ अध्ययन गर्न चाहना गऱ्यो भने, इमान्दार ईसाईहरु र मुस्लिमहरुबीचको छलफलको आधार सजिलो हुनेछ। मुस्लिमहरुले त्रिएक खुदाको सिद्धान्त सुसमाचारको परिभाषामा अनुरुप र मसीहको भनाइ अनुसार महसुस गर्नुपर्छ, जसले भन्नुभयो, "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ। यसकारण जाओ र सबै देशका जातिहरुलाई चेला बनाओ, पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा देओ। मैले तिमीहरुलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरुलाई सिकाओ। हेर, म युगको अन्त्यैसम्म सधैं तिमीहरुका साथमा छु।" मत्तिको इन्जील २८:१८ -२०

"खुदावन्द ईसा मसीहको (फजल) अनुग्रह, खुदाको मोहब्बत र (रुहुल कुद्दुस) पवित्र आत्माको संगति तिमीहरु सबैसंग रहून्।" २ कोरन्थी १३:१४

## मसीहको इश्वरत्व सम्बन्धी सवालहरू

**"ईसाई विश्वासको सारले भन्छ कि मसीह सत्य खुदाको सत्य खुदावन्द हुनुहुन्छ। तर यदि उहाँ खुदा हुनुहुन्छ भने कसरी दुष्टले उहाँलाई संसारको राज्य देखाउनलाई पहाडमा लान सक्यो र त्यसको सामु शिर झुकाइ (इबादत) दण्डवत् गरे भने सबैथोक उहाँलाई दिने प्रतिज्ञा कसरी गर्न सक्छ ? एउटा तल्लो दर्जाको सृष्टिले कसरी खुदावन्द ईसा मसीहलाई जाँच गर्न सक्छ ?"** एस.एम.काइरो, इजिप्ट

प्रिय साथी, तपाईले "ईसाई विश्वासको सार" पूरै पढ्नुभयो

भने एकदम राम्रो हुनेछ, जहाँ लेएिको छ - "ईसा मसीह हामी मानिसहरुको निम्ति र हाम्रो नजातको निम्ति स्वर्गबाट ओर्लनुभयो र पवित्र आत्माद्वारा कन्ये मरियमको गर्भमा शरीर धारण गर्नुभयो र मानिस बन्नुभयो। सवाल घुमाएर सोध्दा एउटै व्यक्ति एकै पटक कसरी मानिस र खुदाको रुप धारण गर्नसक्छ र परिक्षित हुनसक्छ ? त्यो भन्दा अझ, खुदा कसरी परिक्षीत हुन सक्नुहुन्छ ? समस्या यहाँ तपाईले व्याख्या गरे जस्तो होइन। ईसाईहरु मसीह खुदाको रुपमा परिक्षित हुनुभएको भन्दैन तर उहाँ मानिसको रुपमा परिक्षीत हुनुभएको थियो र अरु मानिसले झै परिक्षामाथि संघर्ष गर्नुभयो र यसमाथि विजय पाउनुभयो। मानिसको लागि परिक्षामा पर्नु पाप होइन तर पापले मानिसलाई आफ्नो अधिनमा राख्छ र विजयी हुन्छ। उहाँको आफ्नै इच्छामा, मसीह ईश्वरत्वको शक्तिको अभ्यास गर्दै रित्तिनुभयो र परिक्षाको सामना गर्नुभयो। उहाँले परिक्षामाथी विजय पाउने उदाहरण हाम्रो सामु राखिदिनुभयो। खुदाबाट प्रेरित धर्मशास्त्रले यसरी वर्णन गर्छ कि "उहाँ हामी जस्तै सबै कुरामा परीक्षित हुनुभयो र पनि पापरहित हुनुहुन्थ्यो। किनकी उहाँ आफैले कष्ट भोग्नुभयो र परीक्षित हुनुभयो, यसैले परीक्षामा पर्नेहरुलाई उहाँ सहायता गर्न सक्नुहुन्छ।"

मसीहको परीक्षमा, हामी ईसाईहरु समस्यको सामाधान देख्छौ, जुन समस्याले मानवजातिलाई लामो समयदेखि चुनौति दिएको थियो। परीक्षाहरु आउनु खुदाले मानिसलाई त्याग्नुभएको संकेत होइन। त्यो त ठीक विपरीत कुरा हो, जुन रसूल याकूबले भन्दछ, "हे भाइ हो, तिमीहरुमाथि विभिन्न किसिमका आपत-विपत आइपर्दा तिनलाई पूरा आनन्दको कुरा सम्झ। किनकी तिमीहरु जान्दछौ, तिमीहरुका (इमान) विश्वासको जाँचले धैर्य उत्पादन गराउँछ।

धैर्यलाई त्यसको पूरा काम गर्न देओ, ताकि तिमीहरुमा कुनै कुराको अभाव नभएर तिमीहरु परिपक्व र पूर्ण होओ।" याकूब १:२-४

खुदाको महान् रसूल पावल, जो त्यस युगको महान् विचारक थिए, ईसा मसीहको महिमित विवरण बारे लेख्न प्रेरित भएका थिए र मसीहको रहस्यको विषयमा उसको जीवनभरीको अनुभव भने, "अहिले म थोरै मात्र बुझ्छु"। सत्य यो हो कि हामी एउटा व्यक्तिको स्वभावको बारेमा पूर्ण रुपमा बुझ्न सक्दैनौ जसमा ईश्वरीय र मानव दुबै तत्वहरु मिलेर एक भएको छ। उहाँको बारेमा नबी यशैयाले बोलेका शब्दहरुलाई हामी स्वीकार गर्दछौ जब तिनले उहाँको व्यक्तित्वलाई विश्लेषण गर्न सकेन तब उसले भन्यो "उहाँको नाउँ उदेकको भनी बोलाइनेछ।"

मेरा प्रिय साथी, तपाई आफै सोचाईको आत्माको तत्व र शरीरको शारीरिक तत्वलाई एक गर्नुहुन्छ। यो आत्मा र शरीर बीचको आफैमा अझै रहस्य छ र कसैलाई थाहा छैन कि कसरी शुरु हुन्छ, कसरी निरन्तर रुपमा हुन्छ र यसले कसरी कामहरु गर्छ। हामीलाई महसुस हुन्छ कि यो संयोगले भएको होइन तर यो एउटा सिद्ध मिलन हो जसमा सबै तत्वहरु एक अर्कामा समन्वय गर्छन्। के तपाई आफ्नै शरीर र आत्मा बीचको उदेकको रहस्यको पूर्ण विवरण दिनसक्नुहुन्छ ? हाम्रो अवस्था यस्तो छ कि हामीलाई खुदाको बारे जान्ने केवल सिमित ज्ञान उपलब्ध छ। म फेरी भन्छु कि हामी संसारमा रहुन्जेल हामी खुदाको रहस्यलाई बुझ्न सक्दैनौ। जे भए पनि हामी (रुहुल कुद्दुस) पवित्र आत्माद्वारा प्रेरित खुदाको रसूल पावलको भनाईबाट आश्वासन पाएका छौ जसले भन्दछ, "म जसरी चिनाइएको छु, के म त्यसरी नै म चिन्छु ?"

आजसम्म खुदाको कलाम बाइबलले मसीहको व्यक्तित्वको बारेमा जे प्रकट गरेको छ त्यहीमा हामी सन्तुष्ट छौं, जसमा (रुहानी) ईश्वरीय र मानव गुणहरुको एकता छ। त्यो एकताले मसीहलाई सिद्ध मानिस र सिद्ध खुदा भनि देखाउँछ र यो एकताले कुनै एक स्वभाव समाप्त र अन्त्य हुदैन।

मसीह, एउटा मानिसझैं (शरियत) व्यवस्थाको अधिनमा जन्मनुभयो। उहाँ एउटा बालकझैं हुर्किनुभयो। उहाँ एउटा युवकझैं शिक्षकको पाउमुनि बसी सवाल जवाफ गर्नुभयो। मसीह, एउटा मानिस जस्तै परीक्षाको अनुभवबाट भएर जानुभयो। तर खुदाको रुपमा, उहाँले प्रकृति र त्यसका तत्वहरुलाई हप्काउनुभयो र गर्जिएको समुन्द्रलाई शान्त गर्नुभयो। उहाँले मृतकलाई व्युत्याउनुभयो, गुनाहरुलाई माफि दिनुभयो, कुष्ठ रोगीलाई निको पार्नुभयो र उहाँको नाउँमा इमान ल्याउने र उहाँलाई कबुल गर्नेहरुलाई उहाँको (खान्दान) सन्तान हुने हक दिनुभयो।

यो सवालमा तपाई भ्रमित हुनुभएकोमा मलाई अचम्म लागेको छैन न त मसीह कसरी खुदा र मानिस हुनुभएर पनि परीक्षित हुन सक्नुहुन्छ भन्ने सवालको विरोध गर्छु। मेरो जवाफ सक्नुभन्दा पहिले हाम्रो खुदावन्द ईसा मसीहको महा-पूजाहारीको भुमिकाबारे जानकारी दिन म उचित ठान्छु। बाइबलले उहाँलाई महा-पूजाहारी हुनुहुन्छ भनी देखाउँछ। हामीसंग महा-पुजाहारी हुनुहुन्छ भन्ने कुरा चाहिँ परीक्षाहरुको बीचमा यो एउटा ठूलो सान्त्वना हो कारण उहाँ महान र कृपालु हुनुहुन्छ र परिक्षाको समयमा हामी उहाँकहाँ जान सक्छौ। सबैभन्दा सामान्य अनुभवबाट जानुपर्दा पनि हामी महान् महा-पूजाहारीको दृष्टिमा हुन्छौ भन्ने कुरा महसुस गर्नु चाहिँ हाम्राले निम्ति ठूलो (बरकत) आशिष हो।

त्यस्तो कुनै परीक्षाहरु छैनन् जुन हामी बरकतमय मसीहको कानमा सुटुक्क भन्न सक्दैनौं। बिना पाप उहाँ सबै कुरामा परीक्षित हुनुभएको छ, तर यसले उहाँलाई दयालु महा-पुजाहारी हुनलाई योग्य बनाएको छ जसले हाम्रो विन्ती उहाँको पवित्र स्थानबाट सुनिकन सहायता पठाउन सक्नुहुन्छ। वास्तवमा उहाँ हाम्रो मावन परीक्षाहरु र अनुभवबाट भएर जानुभयो र उहाँसंग हाम्रो परिस्थितिहरु, कमजोरीहरु, आबश्यक्ताहरु र दु:खहरुको (रुहानी) ईश्वरीय ज्ञान मात्र छैन, अझ उहाँले यी सबै थोकको अनुभव पनि गर्नुभयो। एक प्रकारले भन्नुपर्दा, हाम्रो परिस्थितिसंग उहाँ परिचित हुनुहुन्छ र उहाँ अघिबाटै अनुभवमा परिपक्व सन्त हुनुहुन्छ। किनभने उहाँले बिना पाप सबै अनुभव गर्नुभयो।

## मसीहको मानव स्वभाव सम्बन्धी सवालहरू

**"मसीहलाई खुदाको नबी वा रसूल रुपमा मात्र विश्वास गर्न पर्यौप्त छैन र ?"** एस. एफ. सुडान

ख्रीष्ट एउटा नबी वा खुदाको रसूल हुनुहुन्थ्यो भन्ने बारेमा कुनै शंकै छैन र उहाँलाई पछ्याउनेहरुले समेत उहाँलाई मालिक र शिक्षक भनी बोलाए। यहुदीको एकजना अगुवाले उहाँलाई भने "हामीलाई थाहा छ कि तपाई शिक्षकको रुपमा (जन्नत) स्वर्गबाट आउनुभयो।" तर यो कुरालाई यतिमा मात्र बुझ्नु पर्याप्त छैन। उहाँलाई एउटा धार्मिक र पवित्र जीवनको रसूलको रुपमा मात्र स्वीकार्नु पर्याप्त छैन कि उहाँ एक धार्मिक र आदर्शको शिक्षक हुनुहुन्थ्यो।

यति मात्र बुझ्नु चाहिँ इतिहासको सिद्धान्त र सत्यको अनुभव

अनुसार भएन। किनभने मसीह नबी वा खुदाको रसूलको रुपमा (सलिब) क्रूसमा मर्नुभएको होइन तर धेरै प्रतिक्षा गरिएको मसीहको रुपमा, जसको आगमनको अगमवाणी पहिल्यै भएको थियो। मसीह चाहिँ मानव परिकल्पनाको गरिएको व्यक्ति थिएन तर वास्तविक र सत्य हुनुहुन्छ जुन खुदाले नबीहरुलाई प्रकट गर्नुभयो, जसको घोषणा तिनीहरुले गरे। तिनीहरु त्यही कुराको आशामा बाँचे र त्यसको बारेमा पवित्र किताबमा लेखे। यहुदीहरुले यसलाई उनीहरुको सबै आकांक्षा र आशाको केन्द्र बनाए। राष्ट्रिय विद्रोहको वकालत गर्नेहरु, प्रतिकियावादी, र जसले यस भनाईलाई शाब्दिक अर्थमा लिए, तिनीहरुले यसलाई आफ्नो अस्थाई सपना पूरा गर्नको निम्ति सहायकको रुपमा लिए र सांसारीक राज्यको निम्ति रोमन साम्राज्यको विरुद्ध लडे। जे भए पनि शिक्षित र संवेदनशील हृदय हुनेहरुले अगमवाणी गरे कि मसीहको युग चाहिँ धार्मिकता र शान्तिको आधार स्थापना हुनेछ।

शुरुवाती समय देखि नै ईसाईहरुले यो जोड दिएको छ कि पुरानो करारलाई एउटा पत्र पढ्‌ जस्तो होइन तर आत्मिक हिसाबले पढिनुपर्छ। जब जब यी किताबहरु पढिन्छ, युगौ देखि प्रतिक्षारत आशा मसीहमा सत्य भएको र खुदाको सत्य धर्म पुरा भएको हेर्न लामो समय लाग्दैन।

यो विचारधाराले मसीहको भनाई, सिकाई र गराईको पुष्टि गर्छ र तिनीहरुमा चम्किलो ज्योतिको किरण देख्न सकिन्छ। यो सत्य हो कि इतिहासमा मसीह एउटा खुदाको एक नबी, रसूल र शिक्षक हुनुहुन्थ्यो। तर उहाँलाई पछ्याउनेहरुको विचारधाराबाट र उहाँको आफ्नै विचारअनुसार उहाँ मसीह हुनुहुथ्यो, जुन धेरै पहिले देखि प्रतिज्ञा गरिएको थियो। उहाँ खुदा हुनुहुन्छ भन्ने कुरा उहाँको

अख्तियारपूर्ण भनाईद्वारा पुष्टि हुन आउछ। उहाँ एक मात्र व्यक्ति हुनुहुन्छ जसको बारेमा महिमित इन्जीलले भन्छ, “फेरी तिमीहरुले सुनेका छौ। कि प्राचिन समयका मानिसहरुलाई भनिएको थियो,.... तर म तिमीहरुलाई भन्दछु ......” मति ५:३३-३४। जो कोही नयाँ नियम उत्सुकतासाथ र गहिरिएर पढ्छ, यहूदीका महा-पूजाहारीले ईसा मसीहलाई सवाल गरेको देखेर तिनीहरु आश्चर्यचकित हुन्छन्। “जीवित खुदाको शपथ खाएर भन्दछु, हामीलाई बता, के तँ खुदाको पुत्र मसीह होस्? ईसा मसीहले तिनलाई स्पस्ट भन्नुयो, तपाईले नै भनिहाल्नुभयो। ता पनि म तपाईहरुलाई भन्दछु, अब उप्रान्त तपाईहरुले मानिसको पुत्रलाई सर्वशक्तिमानको दाहिने हातपट्टि बसेको र आसमानी बादलमा आइरहेको देख्नुहुनेछ।” मतिको इन्जील २६:६३-६४

मसीहको सम्बन्धमा ईसाईहरुको विचार यहुदीको विचारभन्दा माथि छ। यो पछि पूरा भयो तर यो सत्य हो कि मसीह राजा,नबी र पुजाहारी हुनुहुथ्यो। उहाँमा र उहाँद्धारा खुदाको इच्छा र आदर्श र पर्खिराखेको महिमित बर्षहरु पूरा हुनु पर्थ्यो। यी सबै यहुदीहरुको निम्ति सिमित थियो। जे भए पनि मसीहले वेदना र पीडा भोग्नुपर्छ र राजा भएर लाज्जास्पद क्रूसको मृत्युद्वारा नेतृत्व गर्नुपर्छ भन्ने कुरा यहुदीहरुको मनमा कहिल्यै विचार आएन।

## इतिहासमा मसीह

मसीहलाई नयाँ (अहदनामा) करारमा, हाम्रो सामु नासरतबाट आउनुभएको (सन्देशवाहक) रसूलको रुपमा प्रस्तुत भएको देख्न सक्छौ। उहाँ नयाँ युगको माली, डरलाग्दो न्यायकर्ता, महान् दूत जसले खुदाको राज्यको घोषणा गरे। उहाँ खुदाको त्यो राज्यको

केन्द्रबिन्दु हुनुहुन्थ्यो । उहाँ पाखण्डी फरिसीहरु र धार्मिक अगुवाहरुको लागि बलियो प्रतिद्वन्दी हुनुहुन्थ्यो । उहाँको सहयात्रिहरुको बीचमा शिक्षक हुनुहुन्थ्यो, जो खुदाको मण्डली बन्नलाई भेला भएका थिए, जोहरु खुदाको धार्मिकताको राज्यको अधिकार प्राप्त गर्न लागेका थिए । उहाँ अख्तियारसहित सिकाउने ब्यक्ति हुनुहुन्थ्यो र मानिसलाई गुनाहको माफी दिने खुदावन्द हुनुहुन्थ्यो । उहाँ चङ्गाईकर्ता हुनुहुन्थ्यो जसले रोगीहरुलाई निको पार्नुभयो र मृतकहरुलाई जीवित पार्नुभयो । उहाँ ईन्जीलको मसीह हुनुहुन्छ जसमा ईसाईहरुले (इमान) विश्वास गर्छन् । उहाँ ऐतिहासिक ब्यक्तित्व संगसंगै खुदाको कलाम (वचन) हुनुहुन्छ र अदृश्य खुदाको स्वरुप हुनुहुन्छ, जो शरिर बन्नुभयो । उहाँ मानिस समान हुनुभयो, मुक्तिको काम गर्नलाई एउटा पूर्ण मानव ब्यक्तित्व ।

ख्रीष्टको वास्तविकता एउटा असिम सत्यता हो । खुदावाहेक कोही मानिसले पनि यसलाई बुझ्न सक्दैन । मसीह खुदाको त्यो ज्ञान हुनुहुन्छ जुन त्यस समयको विवेकबाट गोप्य राखिएको थियो तर खुदाका सन्तानहरुलाई भने घोषणा गरिएको थियो । अनुग्रही (ईन्जील) सुसमचारले हरेक युगको मानिसको आत्मालाई चुनौति दिएको छ । "तपाईको निम्ति मसीह को हुनुहुन्छ ?" भन्ने सवालले अझैपनि चुनौति दिएको छ । यो सवालको जवाफ खुदाबाट प्रेरित कलाममा दिइएको छ कि "हाम्रो (इमान) बिश्वासको रहस्य अति महान् छ, खुदा स्वयं शरिरमा प्रकट हुनुभयो" १ तिमोथी ३ : १६ । यो आशिषित र सत्य उत्तरमाथि हरेक ब्यक्तिले बिश्वास गर्न खाँचो छ, जो नदेखिकन खुदामा बिश्वास गर्न तयार छन् ।

यो बिश्वास ब्यक्ति आफैबाट आएको होईन तर खुदाको उपहार हो । उहाँमा ईमान राख्नेहरुले बिश्वासद्वारा ईसा मसीहलाई देख्छन

जो "आदिमा कलाम हुनुहुन्थ्यो, कलाम खुदासंग हुनुहुन्थ्यो, अनि कलाम खुदा हुनुहुन्थ्यो" युहन्नाको इन्जील १ : १। यो बचन सत्य हुनआउछ जब मसीहले पत्रूसलाई भन्नुभयो "किनभने मानिसबाट तिमीलाई यो प्रकट भएको होईन तर आसमानमा बस्नुहुने मेरो पिताले प्रकट गर्नुभएको हो" मत्तिको इन्जील १६ : १७। धेरै पहिले खुदाको रसूल पावलले भने "(पबित्र आत्मा) रुहुल कुद्दुसद्वारा मात्रै ईसा मसीह नै खुदावन्द हुनुहुन्छ भनि भन्न सक्छ।" १ कोरन्थी १२ : ३

## पुरानो करारमा मसीहको ईश्वरत्वको बारेमा सवालहरू

### पुरानो (अहदनामा) करारमा मसीहको ईश्वरत्वको प्रमाणहरु के के हुन ?

**-** ए. टि. जार्का जोर्डन

पुरानो (अहदनामा) करारमा मानिसको स्वरुपमा, संसारलाई नजातद्वारा बचाउन आउनुहुने, (रुहानी) ईश्वरीय व्यक्तिको बारेमा घोषणा गरेको छ। त्यो व्यक्ति ईब्राहीमको वंश, यहुदी कुलको, दाउदको घरानाबाट, कन्याबाट जन्मिएको, दुःखको मानिस भनि ब्याख्या गरिएको छ। उहाँ (गुनाह) पापको लागि आफै कुर्बान हुनुहुनेछ। उहाँ यहोवा इलोहिम, शक्तिशाली खुदाको रसूल हुनुहुनेछ। उहाँले खुदाको सम्पूर्ण काम गर्नुहुनेछ र मानिसहरु र फरिस्ताहरुले खुदालाई चढाएको (इबादत) आराधना कबुल गर्नुहुनेछ।

मलाकीको किताबले मसीहको आगमनबारे भन्दछ, "हेर म आफ्ना समाचारवाहकलाई पठाउनेछु, र तिनले मेरा अघि अघि बाटो तयार गर्नेछन्। तब एक्कासी ती खुदावन्द, जसलाई तिमीहरु खोज्दछौ,

आफ्नो मन्दिरमा आउनेछन् अर्थात (अहदनामा) करारका ती समाचारवाहकआउनेछन्, जसलाई तिमीहरु औधी चाह गर्दछौ, सर्वशक्तिमान खुदावन्द भन्नुहुन्छ। ....... तर उहाँको आउने दिनमा को उभिन सक्छ र ? उहाँ देखा पर्नुहुदाँ को खडा हुन सक्छ र ? किनकि उहाँ सुनारको आगो र धोबीको साबुन जस्तै हुनेछ। उहाँ चाँदी खार्ने र सफा गर्ने जस्तो गरी बस्नुहुनेछ। उहाँले लेबीहरुलाई शुद्ध पार्नुहुनेछ, र सुन र चाँदीझैं शुद्ध पार्नुहुनेछ। तब परमखुदावन्दका मानिसहरु हुनेछन्, जसले धार्मिकतामा भेटी ल्याउनेछन्।" मलाकी ३:१-३

जब हामी नयाँ (अहदनामा) करारमा हेर्छौं, बाटो तयार पार्ने बप्तिस्मा दिने यूहन्नालाई देख्छौ अनि खुदावन्द, जो उहाँको मन्दिरमा आउनुभयो। उहाँ चाहिँ मसीह हुनुहुन्छ किनकि मत्तीको इन्जील ११ : १० ले भन्छ, "यिनी तिनै हुन जसको बिषयमा (पुरानो अहदनामा) धर्मशास्त्रमा लेखिएको छ, "हेर म आफ्नो दूतलाई तिम्रो अघि अघि पठाउँछु जसले तिम्रो सामुन्ने तिम्रो मार्ग तयार गर्नेछ।" हामी मर्कूसको इन्जील १ को आयाद १ र २ पनि पढ्छौ "खुदाका पुत्र ईसा मसीहको (इन्जील) सुसमचारको आरम्भ। नबी यशैयाको किताबमा यसरी लेखिएको छ, "हेर म मेरो दुतलाई तिम्रो अघि अघि पठाउँछु जसले तिम्रो मार्ग तयार गर्नेछ।" लूकाको इन्जील १ : ७६ र ७ : २७ पनि पढ्नुहोस् )।

पुरानो (अहदनामा) करारममा मसीहलाई देखाउदै उहाँको ईश्वरत्वको विषय भएको धेरै पदहरु छन्।

- "मैले परमखुदावन्दलाई सधैं मेरो सामून्ने राखेको छु। उहाँ मेरो दाहिने हाततर्फ हुनुहुन्छ, यसकारण म डग्नेछैन।" जबूर

१६:८ लाई रसूलहरुको काम (प्रेरित) २:२५ सँग तुलना गर्दा, खुदा भन्ने शव्दले मसीहलाई जनाउँदछ ।

- "कसैले बोलाइरहेको एउटा आवाज सुनिन्छ, मरुभुमिमा खुदावन्दको निम्ति बाटो तयार गर । उजाड़-स्थानमा हाम्रा खुदाको निम्ति मुलबाटो समतल बनाऊ" यशैया ४० :३ । मत्तिको इन्जील ३:३ सँग तुलना गर्दा यसले मसीहलाई जनाउँदछ ।

- "जन्नतमा एउटा फरिस्ताले अर्को फरिस्तालाई यसो भन्दै थिए, 'सर्बशक्तिमान परमखुदावन्द, पवित्र, पवित्र, पवित्र हुनुहुन्छ, सारा पृथ्वी उहाँको महिमाले भरिपूर्ण छ" यशैया ६:३ । यो आयात (पद) लाई यूहन्नाको इन्जीलसँग तुलना गर्दा यहाँ भनिएको पवित्र (पाक) व्यक्ति मसीह हुनुहुन्छ, जसलाई दुई फरिस्ताहरुले खुदावन्द खुदा भनि (इबादत) प्रसंसा गरे ।

- "सर्वशक्तिमान् खुदावन्दलाई नै तैले पवित्र ठान्नु, र उहाँकै भय तैले मान्नु, उहाँसँग नै तँ डराउनु । र उहाँ नै तेरो वासस्थान हुनुहुनेछ, तर इस्राएलका दुवै घरानाका निम्ति उहाँ एउटा ढुङ्गा हुनुहुनेछ, जसले मानिसलाई ठेस खान लगाउँछ, एउटा चट्टान, जसले तिनीहरुलाई लोट्न लगाउछ" यशैया ८:१३-१४ । यसलाई रोमी ९:३३ सँग तुलना गर्नुहोस्, यहाँ भनिएको खुदावन्द खुदा मसीह हुनुहुन्छ ।

- "तिनीहरुले मलाई हेर्नेछन्, जसलाई तिनीहरुले घोचेका छन्, र जसरी एकमात्र छोराको लागि कोही शोक गर्दछ, त्यसरी नै तिनीहरु उनको लागि शोक गर्नेछन्, पहिले जन्मेको पुत्रको निम्ति गरेजस्तै शोक गर्नेछन्" जकरिया १२:१० । यसलाई

प्रकाश १:७ सँग तुलना गर्नुहोस्। पुरानो (अहदनामा) नियम अनुसार घोचिएको व्यक्ति, यहोवा (खुदा) हुनुहुन्छ भने, नयाँ (अहदनामा) नियम अनुसार मसीह हुनुहुन्छ।

- "तर ए बेथलेहेम, एप्राता, तँ यहूदाका कुलहरुमध्ये सानो भएतापनि तँबाट मेरो निम्ति एक जना निस्कनुहुनेछ, जो इस्राएलका शासक हुनुहुनेछ, जसको शुरु पुरानो समयदेखि, अर्थात प्राचिनकालदेखि नै छ" मिका ५:२। यस (पद) आयातलाई मत्तिको इन्जील २:६ सँग तुलना गर्नुहोस्, यस आयातले मसीह (अब्दियत) आदिदेखि हुनुहुन्थ्यो भनि पुष्टि गर्दछ।

- "म भन्दा अघि कोही खुदा नै बनिएको थिएन, नता म पछि कोही हुनेछ। म खुदा हुँ। मबाहेक अरु कोही (नजातकर्ता) मुक्तिदाता छैन" यशैया ४३:१०-११। यसलाई (रसूलहरुको काम) प्रेरित ४:१२ सँग तुलना गर्नुहोस्, अनि नजात दिनुहुने खुदा मसीह हुनुहुन्छ भनि जान्नुहुनेछ।

- "के जन्नत र जमिन दुवैलाई म ढाक्दिनँ र ? खुदा भन्नुहुन्छ।" यर्मिया २३:२४ र "र खुदाले सबै कुरा उहाँका पाउमुनि राखिदिनुभयो, र मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको शिर बनाइदिनुभयो। जुन मण्डली उहाँको शरीर, उहाँको पूर्णता हो र उहाँले नै सबैथोक परिपूर्ण पार्नुहुन्छ" एफिसी १:२२-२३। पहिलो आयातमा खुदाले जन्नत र जमिनलाई ढाक्नुहुन्छ अनि दोस्रो आयातमा मसीहले सबैथोक परिपूर्ण पार्नुहुन्छ।

- "किनभने हाम्रा निम्ति एउटा बालकको जन्म भएको छ। हाम्रा निम्ति एउटा छोरो दिइएको छ। शासन उहाँको काँधमा

हुनेछ । उहाँ अचम्मका सल्लाहकार, शक्तिशाली खुदा, अनन्तका पिता, शान्तिका राजकुमार कहलाइनुहुनेछ" यशैया ९:६ । यस आयतलाई लूकाको इन्जील २:११, यूहन्नाको इन्जील ८:५८ र एफिसी २:१४-१७ सँग तुलना गर्नुहोस् । पुरानो (अहदनामा) नियमको यो आयातले मसीहको बारेमा भविष्यवाणी गर्दछ, जुन नयाँ (अहदनामा) नियममा पूरा भएको देख्दछौ । यो प्रतिज्ञा गरिएको बालक मसीह हुनुहुन्छ ।

- "हे खुदा, तपाईंको सिंहासन सदासर्वदाको निम्ति रहिरहन्छ, र न्यायको राजदण्ड तपाईंका राज्यको राजदण्ड हुनेछ" (भजन) जबूर ४५:६ । यसलाई इब्रानी१:८ सँग तुलना गर्नुहोस् । यहाँ भनिएको राजा चाहिँ मसीह हुनुहुन्छ, जसको राज्यको अन्त कहिल्यै हुनेछैन ।
- "आदिकालमा तपाईंले पृथ्वीको जग बसाल्नुभयो, र स्वर्ग तपाईंकै बाहुलीको कृति हो" (भजन) जबूर १०२:२५ । यस आयातलाई इब्रानी १:१०-१२ सँग तुलना गर्नुहोस् । पहिलो आयातले खुदालाई जनाउँदछ भने दोस्रो आयातले मसीहलाई जनाउँदछ ।
- भजन (जबूर) ३१:५ लाई प्रेरित ७ :५९ सँग दाँज्नुहोस् । पहिलो आयातमा दाऊदले आफ्नो प्राण खुदाकहाँ अर्पण गर्दछ भने दोस्रो आयातमा स्तिफनले आफ्नो प्राण मसीहकहाँ अर्पण गर्दछ ।
- यशैया ४०:१० लाई प्रकाश २२:१२ सँग तुलना गर्नुहोस् । पहिलो आयातमा खुदा भन्नुहुन्छ, "हेर, खुदावन्द खुदा पराक्रमसाथ आउँदैहुनुहुन्छ, र उहाँको हातले शासन गर्नुहुन्छ ।

हेर, उहाँको इनाम उहाँसितै छ, र उहाँको प्रतिफल उहाँकै साथमा छ" यशैया ४०:१०, अनि दोस्रो आयातमा मसीह भन्नुहुन्छ, "हेर, म चाँडै आउँदैछु। हरेक मानिसलाई उसले गरे अनुसार दिने इनाम मसँग छ" प्रकाश २२:१२।

- ♦ यशैया ४४:६ लाई प्रकाश २२:१३ सँग तुलना गर्नुहोस्। पहिलो आयादमा खुदावन्द खुदा भन्नुहुन्छ, "पहिलो र पछिल्लो म नै हुँ। मबाहेक अरु खुदा छैन" यशैया ४४:६, अनि दोस्रो आयातमा मसीह भन्नुहुन्छ, "म अल्फा र ओमेगा, पहिलो र पछिल्लो, आदि र अन्त्य हुँ।" प्रकाश २२:१३

पुरानो (अहदनामा) करार संगसगै नयाँ करारका यी सबै (आयात) पदहरुमा मसीहलाई देखाउने (रुहानी) इश्वरीय विषय र चरित्रहरु निहीत छन् जसले उहाँको (रुहानी) ईश्वरीय शक्तिको पुष्टि गराउँदछ। यदि उहाँ मानव वा एउटा सृजना मात्रै भएको भए यो सब कुरा उहाँमा पूरा हुनु सम्भव थिएन। बाइबलमा उहाँलाई दिइएको शिर्षकहरु र दर्जाहरु यी हुन् : परम खुदावन्द खुदा, महान् खुदा, राजाहरुको राजा, जाती जातीहरुका खुदा, जो अब्दियतदेखि हुनुहुन्थ्यो, जो सर्बब्यापी हुनुहुन्छ, आदि र अन्त्य, अचम्मका सल्लाहाकार, शक्तिशाली खुदा, सत्य खुदा, अनन्त जीवन, सर्वशक्तिमान र एकमात्र सत्य पाक खुदा।

यी माथिका सबै शिर्षकहरु र चरित्रहरु मानव जातिसंग जोड्न असम्भव छ कारण त्यो चाहिँ खुदाको ठूलो अपमान गरिएको निन्दा हुनेछ। किनकी खुदाले भन्नुभएको छ "म परमखुदावन्द हुँ। मेरो नाउँ त्यही हो, मेरो (जलाल) महिमा म अरुलाई दनेछैन" यशैया ४२ : ८। यदि मसीह खुदा हुनुहुन्नथ्यो भने खुदाको (जलाल) महिमा अरु कसैलाई दिईनेथियो र उहाँ मानव मात्र कहलाईनुहुनेथियो। यस्तो

अवस्थामा उहाँको प्रेरित किताब बाइबल गलत हुनेथियो । ईसाईहरुले (ईमान) विश्वास गरेको यो कुरा चाहिँ विरोधाभाषपुर्ण हुनआउने थियो कि मसीह खुदा हुनुहुन्छ जो (रुहानी) ईश्वरीय चरित्रको पुर्णतामा मानव शरिर लिएर जन्मनुभयो ।

**प्रिय मित्र, यदि तपाईंले हामीलाई पत्राचार गर्न चाहनुहुन्छ भने, हामी तपाईंलाई अन्य किताबहरु सित्तैंमा पठाउन तयार छौं, ताकि तपाईंले ईसा अल मसीह र उहाँको (पाक) पवित्र जीवनलाई अझ राम्रोसँग जान्न सक्नुहोस् ।**


अधिक जानकारीको लागि सम्पर्क ठेगाना :

**खुदाको कलाम**

जि.पि.ओ. १६१५

काठमाण्डौं, नेपाल

मो.नं. ९८०८०८३५२०

e-mail :khudakakalam@gmail.com